सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्या: १५

आ.व.:२०८२/०८३

मिति: २०८३ बैशाख १२, मंगलबार

समय: बिहान ८:०० बजे

स्थान: सुनापति गाउँपालिका, कार्यपालिका बैठक कक्ष

आज मिति २०८३ साल बैशाख १२ गते शनिबारका दिन सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

उपस्थिति:

| | | |
|---|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष | |
| २. श्री गीता विष्ट | उपाध्यक्ष | |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य | |
| ४. श्री पदम बहादुर थापा | सदस्य | |
| ५. श्री कुल बहादुर थिङ | सदस्य | |
| ६. श्री डण्डुप लामा | सदस्य | |
| ७. श्री चित्र बहादुर मानन्धर | सदस्य | |
| ८. श्री रिता कामी धमला | सदस्य | |
| ९. श्री अविना लामा | सदस्य | |
| १०. श्री सुनमाया तामाङ | सदस्य | सुनमाया |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य | |
| १२. श्री टासी लामा | सदस्य | |
| १३. श्री मिन कुमार खाती | सदस्य | |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव | |

सहजकर्ता:

१५. श्री रविन्द्र कुरेल - प्रशासन शाखा प्रमुख

१६. श्री शुक्र बहादुर तितुङ - कार्यालय सहयोगी

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप
आ.व.२०८२/०८३ को पन्ध्रौं कार्यपालिका बैठक

१२ वैशाख २०८३
ने.स. ११४६ बाछलाथ्व ९ सनिबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | योजना अनुगमन र भुक्तानी सम्बन्धमा। | यस चालु आर्थिक वर्ष २०८२/०८३ मा सम्झौता भई कार्यान्वयनमा रहेका र कार्यसम्पन्न भएका तपसिलका योजनाहरुको अनुगमन समितिबाट अनुगमन गरी भुक्तानी दिने ।<br>तपसिलः<br>१. छापडाँडा सिंचाई पोखरी निर्माण वडा नं. ३ रु. २५ लाख।<br>२. गाउँपालिका भवनमुनीं जग्गा सरसफाई रु. २ लाख।<br>३. गराटी कौसेनी सडक सुनापति १ गुन्सी रु. ५ लाख।<br>४. माझी मन्दिर अपुरो निर्माण सुनापति १ गुन्सी रु. ३ लाख।<br>५. पकुवाल समाज भवन तला थप योजना रु. ५ लाख।<br>६. दिमी सक्षम सामुदायिक भवन निर्माण रु. ८ लाख।<br>७. बोजे पोखरी बुद्ध पोखरी निर्माण रु. ५ लाख।<br>८. बोजे पोखरी बुद्ध पोखरी निर्माण रु. २ लाख।<br>९. मिलिजुली सामुदायिक भवन निर्माण रु. ८ लाख।<br>१०. डहु मा.वि. छात्रवास निर्माण रु. १० लाख।<br>११. सुनापति ट्रस्ट तथा वाल निर्माण रु. ७ लाख।<br>१२. प्रतिष्ठान भवन व्यवस्थापन रु. ५ लाख।<br>१३. टासी दर्ग्यालिङ गुम्बा व्यवस्थापन रु. १० लाख।<br>१४. टासी दर्ग्यालिङ्ग गुम्बा रु. १२ लाख।<br>१५. घारगोठ सामुदायिक भवन निर्माण रु. ३ लाख।<br>१६. वरवोट कुलमन्दिर बुढाथोकी घर सडक ट्रयाक ओपन रु. २ लाख।<br>१७. खनियापानी पल्लो भञ्ज्याङ ट्रस्ट निर्माण रु. ३ लाख।<br>१८. डाँसे कटुन्जे सिंचाई योजना रु.४ लाख।<br>१९. सादीडाँडा टोल ग्यपक टोल सडक स्तरोन्नति रु. २५ लाख।<br>२०. सिमपानी धारापानी वोझिनी सडक योजना रु. ५ लाख।<br>२१. गौतम मन्दिर मर्मत सुधार सुनापति १ रु. ३ लाख। |
| ३ | आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा | यस सम्बन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा कार्यलाई समयमै, सहभागितामूलक, पारदर्शी तथा |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| | कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा। | विधिसम्मत ढंगले सम्पन्न गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित बजेट तर्जुमा दिग्दर्शन बमोजिम निम्नानुसार निर्णय गरियो:<br>• आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्यतालिका स्वीकृत गर्ने।<br>• नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम लेखन समिति गठन अनुमोदन गरी उल्लेखित कार्यविवरण स्वीकृत गर्ने।<br>• वडा कार्यालय, विषयगत शाखा, उपभोक्ता तथा टोल विकास समूह, नागरिक समाज, निजी क्षेत्र तथा सरोकारवाला निकायहरूबाट योजना तथा कार्यक्रम प्रस्ताव संकलन गर्ने प्रक्रिया तत्काल प्रारम्भ गर्ने।<br>• स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई गाउँपालिकाको आन्तरिक आय, राजस्व बाँडफाँट, वित्तीय समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदान लगायत उपलब्ध स्रोतको यथार्थ प्रक्षेपण सहित बजेट सीमा प्रस्ताव गर्न निर्देशन दिने।<br>• बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई प्राप्त योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा राष्ट्रिय/प्रदेश नीति अनुरूप एकीकृत बजेट मसौदा तयार गर्न जिम्मेवारी दिने।<br>• बजेट तर्जुमा प्रक्रियामा समावेशिता, लैङ्गिक उत्तरदायित्व, बालमैत्री अवधारणा, वातावरण संरक्षण, जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र दिगो विकास लक्ष्यलाई प्राथमिकतामा राख्ने।<br>• वडास्तर तथा विषयगत समितिबाट प्राप्त योजनाहरूको एकीकरण गरी आवश्यक छलफलपश्चात् कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने।<br>• नीति, कार्यक्रम तथा बजेटको अन्तिम मसौदा निर्धारित कानुनी समयसीमाभित्र गाउँसभामा पेश गर्ने व्यवस्था मिलाउने।<br>• यस निर्णयको प्रभावकारी कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक समन्वय, सहजीकरण तथा अनुगमनको जिम्मेवारी प्रदान गर्ने।<br>उपरोक्त निर्णय गाउँ कार्यपालिका बैठकबाट सर्वसम्मत रूपमा पारित गरियो। |
| ४ | मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ तथा त्यसपछिका दुई आर्थिक वर्षहरुलाई समेत समेटी योजना, कार्यक्रम तथा बजेटलाई यथार्थपरक, परिणाममुखी तथा दिगो वित्तीय व्यवस्थापनको आधारमा सञ्चालन एवं कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु आवश्यक भएकोले |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को पन्ध्रौं कार्यपालिका बैठक — १२ बैशाख २०८३

ने.स. ११४६ बाछलाथ्व ९ सनिबार

| | | |
|---|---|---|
| | | स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित बजेट तर्जुमा दिग्दर्शन बमोजिम देहायको निर्णय गरियो:<br>• सुनापति गाउँपालिकाको तीन वर्षे मध्यमकालीन खर्च संरचन (आर्थिक वर्ष २०८३/०८४/, २०८४/०८५ र २०८५/०८६) तर्जुमा गर्ने।<br>• मध्यमकालीन खर्च संरचना तयार गर्न देहायबमोजिमको मध्यमकालीन खर्च तर्जुमा कार्यदल गठन गर्ने।<br>तपसिल:<br>क) प्रमुख प्रशासकीय अधिकृतः श्री सुरेशकुमार श्रेष्ठ -संयोजक<br>ख) सबै शाखा प्रमुखहरुः सदस्य<br>ग) योजना शाखा प्रमुख वा राजस्व इकाई प्रमुखः सदस्य सचिव<br>• कार्यदलले गाउँपालिकाको आवधिक योजना, उपलब्ध स्रोत, क्षेत्रगत प्राथमिकता, चालु तथा पुँजीगत खर्चको दायित्व, राजस्व सम्भाव्यता, विकास लक्ष्यका आधारमा MTEF तयार गर्ने।<br>• मध्यमकालीन खर्च संरचनामा प्रत्येक कार्यक्रम/आयोजनाको अनुमानित लागत, वार्षिक खर्च सीमा, अपेक्षित उपलब्धि तथा वित्तीय स्रोतको स्पष्ट विवरण समावेश गर्ने।<br>• कार्यदलले ३० दिन भित्र प्रारम्भिक मसौदा तयार गरी कार्यपालिकामा पेश गर्ने।<br>• कार्यपालिकाबाट आवश्यक छलफलबाट परिमार्जन पश्चात उक्त MTEF लाई आगामी बजेट तर्जुमा प्रक्रियामा आधार दस्तावेजको रुपमा स्वीकृत गर्ने र सभामा प्रस्तुतीको लागि स्वीकृत गर्ने।<br>• यस निर्णयको कार्यान्वयन तथा समन्वयको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने।<br>उपरोक्त निर्णय गाउँ कार्यपालिका बैठकबाट सर्वसम्मत रुपमा पारित गरियो। |
| ५ | योजना बैंकमा योजना तथा कार्यक्रम समावेश गर्ने सम्बन्धमा। | आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमलाई दिर्घकालीन विकास योजनाको व्यवस्थापत र छनौट, प्राथमिकताप्राप्त योजना तथा कार्यक्रमको कार्यान्वयन तथा पारदर्शि ढंगले व्यवस्थापन गर्न गाउँपालिकाको योजना बैंकमा योजना तथा कार्यक्रम अभिलेखिकरण तथा समावेश गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बजेट तर्जुमा दिग्दर्शन तथा योजना व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिम देहायको निर्णय गरियो:<br>• गाउँपालिका क्षेत्रभित्र प्रस्तावित, संकलित तथा प्राथमिकतामा परेका सबै योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित रुपमा योजना बैंकमा समावेश गर्ने। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | • वडा कार्यालय, विषयगत शाखा, उपभोक्ता समूह, नागरिक समाज तथा सरोकारवालाबाट प्राप्त योजना प्रस्तावहरूलाई आवश्यक परीक्षण, वर्गीकरण तथा प्राथमिकताका आधारमा योजना बैंकमा दर्ता गर्ने।<br>• योजना बैंकमा समावेश गरिने योजनाहरूलाई निम्न मापदण्डका आधारमा वर्गीकरण गर्ने:<br>अत्यावश्यक तथा तत्काल कार्यान्वयनयोग्य योजना।<br>मध्यमकालीन खर्च संरचनामा प्राथमिकता प्राप्त योजना।<br>दीर्घकालीन रणनीतिक योजना।<br>• प्रत्येक योजनाको शीर्षक, स्थान, उद्देश्य, अनुमानित लागत, लाभग्राही, सम्भावित स्रोत तथा कार्यान्वयन अवधि स्पष्ट रूपमा अभिलेखीकरण गर्ने।<br>• योजना बैंकमा समावेश नभएका योजनाहरूलाई वार्षिक बजेट तथा कार्यक्रम छनोट प्रक्रियामा समावेश नगर्ने व्यवस्था गर्ने, विशेष परिस्थितिमा कार्यपालिकाको स्वीकृती पश्चात् मात्र विचार गर्ने।<br>• योजना बैंकको व्यवस्थापन, अद्यावधिक तथा अभिलेखीकरणको जिम्मेवारी योजना शाखालाई दिने।<br>• योजना बैंकको वार्षिक समीक्षा गरी आवश्यक परिमार्जन तथा अद्यावधिक गर्ने।<br>• यस निर्णयको कार्यान्वयन तथा समन्वयको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने।<br>उपरोक्त निर्णय गाउँ कार्यपालिका बैठकबाट सर्वसम्मत रूपमा पारित गरियो। |
| ६ | विषयगत समितिहरुको नियमित बैठक सञ्चालन सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाको कार्यसम्पादनलाई प्रभावकारी, उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउन विषयगत समितिहरुको भूमिकालाई सुदृढ गर्ने उद्देश्यले गाउँ कार्यपालिकाको यस बैठकले देहाय बमोजिम निर्णय गरेको छ:<br>• गाउँपालिकामा गठन भएका सबै विषयगत समितिहरुले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित नीति, योजना, कार्यक्रम, बजेट, अनुगमन तथा मूल्यांकन कार्यलाई प्रभावकारी बनाउन नियमित रूपमा मासिक बैठक सञ्चालन गर्ने ।<br>• प्रत्येक विषयगत समितिले कम्तीमा महिनामा एक पटक अनिवार्य बैठक बस्ने तथा आवश्यकताअनुसार विशेष बैठक समेत आह्वान गर्ने।<br>• बैठक सञ्चालन गर्दा बैठकको मिति, समय, स्थान, कार्यसूची तथा आवश्यक कागजात सहित पूर्वसूचना कम्तीमा ३ दिन अगाडि उपलब्ध गराउने। |

सुरेश कुमार [illegible]
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| | | • बैठकबाट भएका निर्णय, सुझाव, सिफारिस तथा प्रगति विवरणलाई निर्णय पुस्तिकामा अभिलेखीकरण गरी सम्बन्धित शाखा तथा कार्यपालिका समक्ष पेश गर्ने।<br>• विषयगत समितिहरुको बैठकमा सम्बन्धित शाखा प्रमुख, प्राविधिक कर्मचारी तथा आवश्यक सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने।<br>• प्रत्येक समितिले आफ्नो बैठकको त्रैमासिक प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका बैठकमा प्रस्तुत गर्ने।<br>• विषयगत समितिको बैठक सञ्चालनका लागि आवश्यक प्रशासनिक, प्राविधिक तथा व्यवस्थापकीय सहयोग प्रमुख प्रशासकीय अधिकृतमार्फत उपलब्ध गर्ने।<br>• यस निर्णयको कार्यान्वयन, समन्वय तथा अनुगमनको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने।<br>यो निर्णय तत्काल लागू हुनेछ। |
| ७ | छात्रवृत्ति वितरण सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा मिति: २०८२/१२/१० गते छात्रवृत्ति सम्बन्धमा प्रकाशित सूचना बमोजिम चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रममा SEE पश्चात प्राविधिक विषय तथा MBBS अध्ययन गर्ने ५ जना विद्यार्थिको लागि छात्रवृत्ति कार्यक्रमको लागि रु. ४ लाख बजेट विनियोजन रहेकोले सूचना बमोजिम निवेदन पेश गर्ने तपसिलका प्राविधिक विषय पढिरहेका विद्यार्थिलाई प्रति विद्यार्थि रु. ५० (पचास) हजारको दरले छात्रवृत्ति रकम सहयोग दिने निर्णय गरियो। पुनश्चः विदेशमा अध्ययन गर्नेलाई छात्रवृत्ति प्रदान नगर्ने।<br>तपसिलः<br>१. सपना मानन्धर, सुनापति- ५।<br>२. विनेश लामा, सुनापति- ३।<br>३. प्रेम वहादुर मगर, सुनापति- ३।<br>४. प्रतिमा मगर, सुनापति - २। |
| ८ | थाङ्का भर्ने सम्वन्धी तालिम सम्बन्धमा। | यस सम्वन्धमा छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वजेट तथा कार्यक्रमको बागमति प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फको गलैंचा र थान्का उद्योग प्रवर्द्धन, सुनापति गा.पा. रु. २५ लाख कार्यान्वयनको लागि गाउँकार्यपालिकाको बैठकबाट थान्का उद्योग प्रवर्द्धनको लागि रु. १० लाख रकमान्तर भएकोमा सो कार्यक्रम श्री ललितकला प्रज्ञा प्रतिष्ठानको समन्वयमा सञ्चालन गर्न यस सुनापति गाउँकार्यपालिकाको कार्यालयबाट नै कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। साथै गाउँकार्यपालिका कार्यालयकै कर्मचारीलाई पेश्की प्रदान गरी तत्काल कार्यक्रम सञ्चालनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को पन्ध्रौं कार्यपालिका बैठक

१२ बैशाख २०८३

ने.स. ११४६ बाछलाथ्व ९ सनिबार

| | | |
|---|---|---|
| ९ | कार्यविधि स्वीकृत सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा तपसिलको कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन तथा कार्यान्वयन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. स्कुल बस सञ्चालन कार्यविधि, २०८२।<br>२. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८२।<br>३. बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण सम्बन्धी कार्यविधि, २०८२।<br>४. सुनापति गाउँपालिका भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड तथा आधार, २०७९ अनुसारको जग्गा वर्गीकरण, वडागत कित्ता विवरण पुस्तिका, २०८३। |
| १० | भूमि प्रशासन सेवा प्रवाह गर्ने सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौंको मितिः २०८३/०१/१० गतेको सूचना र मालपोत कार्यालय, रामेछापको पत्र संख्याः २०८२/०८३, चलानी नम्बरः २१४२, मितिः २०८३/०१/१० को सूचना पठाइएको सम्बन्धमा विषयक पत्रानुसार नेपालको संवैधानिक प्रावधान अनुसार हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएको सेवाहरु जनशक्ति र पूर्वाधारको व्यवस्था सुनापति गाउँपालिकाले नै गर्ने र केही प्राविधिक तथा प्रशासनिक सेवा सम्बन्धी सहयोग मालपोत तथा नापी कार्यालयहरुबाट प्राप्त गर्ने गरी भूमि प्रशासन सम्बन्धी सेवाहरु आगामी आर्थिक वर्ष २०८३/०८४ देखि सुनापति गाउँकार्यपालिकाको कार्यालयबाट प्रवाह गर्ने गरी मन्त्रालय र मालपोत साथै नापी कार्यालय रामेछापमा जानकारी गराउने निर्णय गरियो। |
| ११ | सुनापति सौर्य उर्जाको थप शेयर खरिद सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सुनापति सौर्य उर्जा लि.को परियोजना कार्यान्वयनको लागि स्थानीय तहको कम्तीमा ५१ प्रतिशत साझेदारीमा सो योजना कार्यान्वयन हुने भएकोले र नेपाल विद्युत प्राधिकरण व्यवसाय विकास निर्देशनालय विद्युत व्यापार विभागको स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत आयोजनाहरुको विद्युत खरिद बिक्री सम्झौताका लागि सम्पर्क गर्न आउने बारे सूचना बमोजिम स्थानीय तहको कम्तिमा ५१ प्रतिशत शेयर अद्यावधिक शेयर लागत विवरण समेत सो सम्झौतामा पेश गर्नु पर्ने भएकोले र सुनापति गाउँ कार्यपालिकाको मितिः २०८२ मंसिर ५ गतेको कार्यपालिका बैठकले समेत ५१ प्रतिशत शेयर लगानी गर्ने निर्णय भएकोले कुल चुक्ता पूँजी रु. १ करोडको ३२ प्रतिशत शेयर खरिद गरी सकेकोले पुनः प्रति कित्ता रु. १०० (एक सय) को थप २० (बीस) हजार कित्ता शेयर खरिद गरी कम्तीमा ५१ प्रतिशत पुर्‍याउने निर्णय गरियो। साथै सौर्य उर्जामा विनियोजित बजेट शिर्षकबाट शेयर खरिद गरे बापतको रु. २०,००,०००/- अक्षरुपी बीस लाख मात्र रकम सुनापति उर्जा लि.को बैंक खातामा भुक्तानी गर्ने निर्णय गरियो। साथै खरिदको लागि गाउँपालिका र सुनापति सौर्य उर्जा लिमिटेड बीच सम्झौता गर्ने र तपसिलको सर्त समेत पालना गर्ने गराउने निर्णय गरियो।<br>तपसिलः<br>१. शेयर खरिद गरे बापतको रकम दाखिला पश्चात सुनापति गाउँपालिकाको नाममा ५२% प्रतिशत शेयर दर्ता तथा लगत कायम गरी सुनापति सौर्य उर्जा लिमिटेडले गाउँपालिकालाई शेयर प्रमाण पत्र प्रदान गर्ने।<br>२. सा.नि.सा. ऐन तथा नियमावली विपरित आयोजनाको काम कारबाही भएमा पालिकाले त्यसको नियमन गरी नियन्त्रण गर्ने।<br>३. सम्झौताका शर्तहरु दुवै पक्षले पालना गर्ने। |

सुरेश कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

CamScanner